# बागचौर नगरपालिका कार्यालय सल्यानमा अभिमुखिकरण कार्यक्रम सम्पन्न

बागचौर नगरपालिका अर्न्तगत चालु आ.ब. २०७३/०७४ मा संचालन हुने योजनाहरु ब्यवस्थित रुपमा संचालन गर्नका लागि उपभोक्ता समितिका अध्यक्ष र सचिवहरु तथा सामाजिक परिचालकहरु का लागि १ /१ दिवशीय अभिमुखिकरण तालिम मिति २०७३/१०/२६ र २७ गते सम्पन्न भएको छ । १० वटा वडा रहेको यो नगरपालिकाका वडा नं १,२,३ र १० को २६ गते र ४,५,६,७,८र ९वडाको २७ गते सम्पन्न भएको कार्यक्रमको सहजिकरण कार्यकारी अधिकृत रोमनाथ न्यौपाने,आर्थिक प्रशासन प्रमुख जयकुमार चन्द र योजना तथा शहरी विकास प्रमुख थमन योगीले गर्नु भएको थियो । सो अवसरमा  बोल्दै कार्यकारी अधिकृत रोमनाथ न्यौपानेले सुशासनको पहिलो शर्त जनसहभागिता , पारदर्शीता र उत्तरदायित्व हुनाले सोही मर्म र भावना अनुसार नगरपालिका र उपभोत्ता समिति मिलेर नगरको समग्र विकास गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । उपभोक्ताहरुले अभिमुखिकरण तालिमले  योजना संचालन प्रकृयाका बारेमा स्पष्ट पारेकोले योजना तोकिएको समयमा गुणस्तरीयरुपमा सम्पन्न गर्न  सफल हुने कुरामा स्पष्ट भएको जानकारी गराएका थिए । उक्त तालिममा २०० को सहभागिता भएको थियो ।